# हस्तकला समाचार

मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १५ | श्रावण २०६५ | अंक ९०


## ई - कमर्स सम्बन्धी गोष्ठी संचालन

*विद्युतिय संचार माध्यमको विकास तथा प्रयोगबाट आज विश्वका हरेक मुलुक, बजार, संघ संस्था तथा व्यक्तिहरुलाई एक आपसमा धेरै नजिक्याएको छ । इन्टरनेट, ई-मेल, वेबसाइटको विकास एवं व्यवस्थाले गर्दा विश्वका कुनै पनि संस्थाको बारे जानकारी हासिल गर्न, आपसमा पत्राचार एवं सूचना आदान प्रदान गर्न छिटो छरिटो एवं सहज तुल्याउनुका साथै व्यापार तथा निकासी प्रबर्द्धन गर्न ठूलो सहयोग पुऱ्याएको छ । यस क्रममा विश्वमा व्यापार एवं वाणिज्य गतिविधिहरु विद्युतीय माध्यमबाट व्यवस्थित रुपमा संचालन गर्न ई-कमर्स प्रणाली शुरु भईसकेको छ । यस सन्दर्भमा महासंघका सदस्य एवं हस्तकला व्यवसायमा संलग्न उद्यमी तथा निकासीकर्ताहरुलाई ई-कमर्सको महत्व, प्रक्रिया, प्रयोग एवं यस सम्बन्धी विविध जानकारी गराउने उद्देश्यले यस महासंघ र नेपाल निर्यात परिषदको संयुक्त आयोजना एवं महासंघको निर्यात समितिको संयोजनमा २०६५ आषाढ २९ र ३० गते ललितपुरमा ई-कमर्स सम्बन्धी दुई दिने गोष्ठी आयोजना गरियो ।*




*ई-कमर्स सम्बन्धी कार्यक्रमको फोटो झलक*

महासंघका अध्यक्ष श्री पुष्करमान शाक्य र नेपाल निर्यात परिषद्का निवर्तमान अध्यक्ष श्री यज्ञनारायण गुप्ताको प्रमुख आतिथ्यमा उद्घाटन सम्पन्न उक्त कार्यक्रममा सम्बन्धित उद्यमी व्यवसायीहरु १८ जनाको सहभागिता रहेको थियो । उक्त अवसरमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका अध्यक्षज्यूले वर्तमान विश्व व्यापीकरणको युगमा व्यवसाय तथा निकासी प्रबर्द्धनका लागि सूचना प्रविधिको प्रयोग र ई-कमर्स अपरिहार्य भएको बताउँदै गोष्ठीको क्रममा समय सापेक्ष सीप र ज्ञान हासिल गर्न आग्रह गर्नु भयो । नेपालमा विद्युतिय संचार माध्यमबाट व्यवस्थित रुपमा व्यापार संचालनका लागि बैंक लगायत विभिन्न क्षेत्रबाट पहल हुँदै आएको बताउँदै सिकेको सीपलाई व्यवहारमा उतार्न उहाँले आग्रह समेत गर्नुभयो । सो क्रममा महासंघका कार्य समिति सदस्य एवं निर्यात समितिका सभापति श्री हरिबहादुर कार्कीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै निकासी प्रबर्द्धनको क्रममा व्यवसायीहरु समयसापेक्ष विकास भएको प्रविधि तथा वाणिज्य प्रणालीसंग परिचित हुनुपर्ने औल्याउँदै ई-कमर्स सम्बन्धी विस्तृत जानकारी गराउन प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । उक्त अवसरमा हस्तकला वस्तुको निकासी प्रबर्द्धन सम्बन्धी उपयोगी समय सापेक्ष विषयमा महासंघसंग सहकार्य गरी यस्तो महत्वपूर्ण कार्यक्रम गर्न पाएकोमा खुशी व्यक्त गर्दै नेपाल निर्यात परिषद्का निवर्तमान अध्यक्ष श्री गुप्ताले कार्यक्रमबाट सहभागीहरुमा ई-कमर्स सम्बन्धी ज्ञान एवं सीप अभिबृद्धि भई हस्तकलाको निकासी प्रबर्द्धनमा सघाउ पुग्ने अपेक्षा गर्नुभयो । यसैगरी कार्यक्रममा श्रोत व्यक्ति श्री सुरेन्द्र शाहीले कार्यक्रमको विषयवस्तु र संचालन प्रक्रियाबारे सहभागीहरुलाई जानकारी गराउनु भयो ।

उक्त गोष्ठीमा सहभागीहरुलाई हस्तकलाको बजार तथा निकासी प्रबर्द्धनका लागि वेबसाइट निर्माण, ई-कमर्सको महत्व, उपयोग, यस सम्बन्धी उपलब्ध श्रोतहरु, बजार खोजी तथा बिक्री वितरण तरीका, भुक्तानी प्राप्ती तथा पठाउने प्रक्रियाबारे जानकारी गराइएको थियो । गोष्ठी संचालनको क्रममा सहभागीहरुलाई ई-कमर्स उपयोगी वेबसाइटहरुको बारेमा जानकारी दिनुका साथै सहभागीहरुलाई विषय सम्बन्धी अनलाइन डेमोन्स्ट्रेसन र अभ्यास गराइएको थियो । ई-कमर्स सम्बन्धमा अझ स्पष्ट पार्न सहभागीहरुलाई हाल व्यवहारमा संचालन हुँदै आएको अन लाइन मार्फत क्रेडिट कार्डबाट भुक्तानी लिने दिने प्रणाली र वस्तुको ढुवानी प्रक्रिया र वीमा व्यवस्थाबारेमा बैंक अफ काठमाडौं र डि.एच्.एल.का विज्ञहरुबाट समेत व्यवहारिक जानकारी गराइएको थियो ।



## यस भित्र .....


* पूर्व व्यवसाय प्रबर्द्धन सम्बन्धी कार्यक्र
* काष्ठकला रंगाई सम्बन्धी प्रशिक्षण
* टेक्सटाइल उद्योगको स्थलगत अवलोकन
* हस्तकला भारत निकासी सम्बन्धी गोष्ठी
* सदस्य संघहरुको वस्तुस्थिति तथा हस्तकला प्रबर्द्धन अध्ययन अवलोकन
* संस्थागत सदस्य संघ गतिविधि
* हस्तकला सम्बन्धी पेशागत सीप प्रमाणिका तथा सीप परीक्षण
* काकीसिबुबाट सूति कपडो रंगाउने प्रक्रिया
* जानकारी
* उत्पादकत्व अभिवृद्धि सम्बन्धी भेटवार्ता
* सीप परीक्षण सम्बन्धी सूचना


## नेपाली हस्तकला भारत निकासी प्रक्रिया सम्बन्धी गोष्ठी

नेपाली हस्तकला वस्तुको मौलिकपन एवं कलात्मक विशेषताले गर्दा स्वदेश तथा विदेशमा नेपाली हस्तकला वस्तुप्रति उपभोक्ताहरु बढी आकर्षित भएको पाउँछौं । यसै कारण नेपाली हस्तकलाका विविध वस्तुहरु विश्वका ७० भन्दा बढी मुलुकहरुमा निकासी गर्न व्यवसायीहरु सफल भएको पाइन्छ । नेपाली हस्तकलाका वस्तुहरु भारतमा पनि अत्यधिक निकासी भइरहेका छन् । महासंघको निकासी तथ्यांक अनुसार आ.व. २०६२/६३ र २०६३/६४ मा रु. ५,१३,६०,६०८।- र रु. ४,७७,८२,१०१।- बराबरको हस्तकलाको वस्तुको भारत निकासी भएको पाइन्छ । निकासी प्रक्रिया सम्बन्धी अन्यौल, जटिलता एवं भन्सारमा हुने अनावश्यक झन्झट तथा असहज परिस्थितिले गर्दा समय समयमा हस्तकलाका वस्तु भारत निकासीको क्रममा समस्या पर्ने गरेको बताइन्छ । यसै सन्दर्भमा यस महासंघको निर्यात समितिको संयोजनमा २०६५ आषाढ १९ गते काठमाडौंमा नेपाली हस्तकला वस्तुको भारत निकासी प्रक्रिया सम्बन्धी गोष्ठी आयोजना गरियो ।

*(बाँकी पृष्ठ ३ मा ... )*

# पूर्व व्यवसाय सम्वर्द्धन सम्वन्धी जानकारीमूलक कार्यक्रम

*व्यवसाय सम्वर्द्धन कार्यक्रम, यसको आवश्यकता एवं महत्व र नेपालमा यसको सान्दर्भिकताबारे जानकारी गराई भविष्यमा उद्योग व्यवसाय प्रबर्द्धनका लागि व्यवसाय सम्वर्द्धन कार्यक्रमबाट संचालन गरिने व्यवहारिक तथा प्रयोगात्मक प्रशिक्षणमा सहभागी हुन अभिप्रेरित गर्ने उद्देश्यले नेपाल हस्तकला महासंघ र घरेलु तथा साना उद्योग बिभागको संयुक्त तत्वावधानमा महासंघको उद्योग समितिको संयोजनमा २०६५ आषाढ १५ गते काठमाडौंमा व्यवसाय सम्वर्द्धन कार्यक्रम सम्बन्धी जानकारीमूलक कार्यक्रमको आयोजना गरियो । महासंघका अध्यक्ष श्री पुष्कमान शाक्यको सभापतित्व एवं उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री तेजराज शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा घरेलु तथा साना उद्योग विभागका का.मु.महानिर्देशक श्री ध्रुवराज जोशीको पनि उपस्थिति रहेको थियो ।*

प्रारम्भमा उपस्थित सबै महानुभावहरुलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका कार्यसमिति सदस्य एवं उद्योग समितिका सभापति श्री वेदराज ज्ञवालीले कार्यक्रमको उद्देश्यबारेमा प्रकाश पार्नुभयो । उक्त गोष्ठी शत्रको अध्यक्षता उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री तेजराज शाक्यले गर्नुभयो । तत्पश्चात श्रोतव्यक्तिहरुबाट विषयगत कार्यपत्र प्रस्तुत गर्नुभयो ।




*पूर्व व्यवसाय प्रबर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनको झलक*

कार्यक्रममा घरेलु तथा साना उद्योग विभागका निर्देशक श्री विशु के.सी.ले "व्यवसाय सम्वर्द्धन कार्यक्रमको जानकारी र भावी योजना" र अर्का विज्ञ श्री सुरेश रेग्मीले "व्यवसाय सम्वर्द्धन कार्यक्रमको आवश्यकता र महत्व एवं नेपालमा यसको सान्दर्भिकता" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रहरु प्रस्तुती पश्चात प्रस्तुत विषयमाथि सहभागीहरुबाट जिज्ञाशाहरु राखिएकोमा गोष्ठी शत्रका अध्यक्ष श्री तेजराज शाक्य र कार्यपत्र प्रस्तोताहरुले सम्वन्धित तथा सान्दर्भिक विषयमा प्रश्नकर्ताहरुको जिज्ञासा निवारण गर्नु भएको थियो । खुल्ला छलफलको क्रममा खासगरी व्यवसाय सम्वर्द्धन (Business Incubation) को परिभाषा तथा यसले समेट्नु पर्ने क्षेत्र, प्रविधि हस्तान्तरण एवं नवोदित वस्तु बिकास सम्वन्धी बिषय र ई-पेमेन्टको लागि आवश्यक नीति नियम निर्माण आदि रहेका थिए ।

खुल्ला छलफल पश्चात मन्तव्य व्यक्त गर्दै कार्यक्रमबाट महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले Business Incubation को महत्व र भूमिकाबारे जानकारी पाएको बताउँदै आगामी दिनमा यसको कार्यान्वयन एवं हस्तकला व्यवसायको प्रवर्द्धन सम्वन्धी कार्यहरुको सहकार्य गर्दै जान आवश्यक सहयोगका लागि घरेलु तथा साना उद्योग बिभागका का.मु. महानिर्देशकलाई अनुरोध गर्नुभयो । सो क्रममा मन्तव्य राख्दै सो बिभागका का.मु. महानिर्देशकले देशको औद्योगिक विकासको लागि घरेलु तथा साना उद्योगहरुको ठूलो भूमिका रहने तथा हस्तकला उद्योगको बिकास तथा प्रवर्द्धनमा बिभागको तर्फबाट जुनै प्रकारको सहकार्य गर्दै जान तयार रहेको र सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्तमा कार्यक्रम आयोजना गर्न सहयोग तथा समन्वय गर्ने निकायहरु घरेलु तथा साना उद्योग विभाग र महासंघको उद्योग समिति लगायत कार्यपत्र प्रस्तुतकर्ताहरु, कार्यक्रमका सहभागीहरु र सम्बद्ध अन्य सबैमा धन्यवाद ज्ञापन गर्दै यस महासंघका महासचिव श्री धर्मराज शाक्यले व्यवसाय सफलता पूर्वक संचालन गर्न आवश्यक आधारभूत सीप, ज्ञान अभिबृद्धि र व्यवहारिक अनुभव प्राप्त गर्न व्यवसाय सम्वर्द्धन कार्यक्रमबाट सहयोग पुग्ने अपेक्षा गर्नुभयो ।

# काष्ठकला रंगाई (PATINA) सम्बन्धी प्रशिक्षण

प्राचीनकालदेखि काष्ठकलाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा प्रख्याति कमाउँदै आएको छ । काष्ठकलाको मौलिक विशेषता, ढाँचा, स्वरुप, कलात्मक डिजाइन आदिले गर्दा काष्ठकलाप्रति उपभोक्ताहरुको ध्यानाकर्षण भैरहेको हुन्छ । काष्ठकलालाई अझ आकर्षक एवं राम्रो स्वरुपमा प्रस्तुत गर्न रंगले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ । यस क्रममा काष्ठकलामा संलग्न उद्यमी व्यवसायीहरुलाई काष्ठकलाका वस्तुलाई विभिन्न रंगमा रंगाउने प्रविधि एवं प्रक्रियाबारे जानकारी गराउने उद्देश्यले यस महासंघको काष्ठकला वस्तु विकास समितिको संयोजनमा २०६५ आषाढ ८ गतेदेखि हस्तकला डिजाइन तथा विकास केन्दमा काष्ठकला वस्तुमा रंगाई (पाटिना) गर्ने प्रशिक्षण संचालन गरियो । विषयविज्ञ श्री निराप्रसाद ह्यजु श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा सहभागीहरुलाई रासायनिक तथा प्राकृतिक रंगहरुको समिश्रण, प्रयोग विधि तथा यसबाट काष्ठकलामा रंगाउने सीप सम्बन्धी जानकारी प्रदान गर्नुका साथै रंगाउने अभ्यास समेत गराइने कार्यक्रम रहेको छ । प्रशिक्षणमा काष्ठकलामा संलग्न १४ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।



*प्रशिक्षणका श्रोतव्यक्ति विषयगत जानकारी प्रस्तुत गर्दै*

२०६५ आषाढ २० गते ललितपुरस्थित हस्तकला डिजाइन तथा विकास केन्द्रमा एक कार्यक्रमबीच काष्ठकला पाटिना सम्बन्धी प्रशिक्षणको समापन गरियो ।

# टेक्सटाइल उद्योगको स्थलगत अध्ययन अवलोकन

वस्तुको उत्पादन प्रक्रिया, प्रविधि एवं वस्तुको डिजाइन विकासले सुतीजन्य वस्तु लगायत हस्तकलाका विविध वस्तुको गुणस्तर तथा उत्पादकत्व बढाई व्यवसाय प्रवर्द्धन गर्न सघाउ पुग्दछ । यसै सन्दर्भमा महासंघका सुतीजन्य बस्तु उत्पादनमा संलग्न साना तथा लघु उद्यमीहरुलाई टेक्स्टाइल बस्तुको रंगाई, डाइङ्ग गर्ने आधुनिक प्रविधि, आधुनिक स्क्रीन प्रिन्टिङ्ग प्रविधि एवं टेक्स्टाइल बस्तु उत्पादनका आधुनिक प्रक्रियाहरुसित परिचित गराई स्तरीय सुतीजन्य वस्तु उत्पादन गर्न सक्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस महासंघको सुती बस्तु विकास समितिको संयोजनमा २०६५ आषाढ १८ गते भक्तपुरस्थित नेपो इण्डष्ट्रीज, टेक्सटाइल उद्योगमा एक स्थलगत अध्ययन अवलोकन भ्रमण गरियो । यस महासंघका कार्य समिति सदस्य एवं सुती वस्तु विकास समितिकी सभापति श्रीमती यशोदा बैद्यको नेतृत्वमा गएको उक्त भ्रमण टोलीमा समिति सदस्य, उद्यमी व्यवसायीहरु तथा कर्मचारी गरी ९ जनाको सहभागिता रहेको थियो । नेपाल हस्तकला महासंघको हस्तकला डिजाइन तथा विकास केन्द्रको सोध तथा विकास (Research and Development) कार्यक्रमको समन्वयमा यस स्थलगत अध्ययन भएको हो ।

उक्त भ्रमणको क्रममा सहभागीहरुले नेपो इण्डष्ट्रीज, टेक्सटाइल उद्योगको विभिन्न कक्षहरुको अवलोकन गरी उद्योगमा संचालित टेक्सटाईल रंगाई, डाईङ्ग, स्क्रीनप्रिन्ट तथा उत्पादन सम्बन्धी आधुनिक प्रविधिहरु र उपकरणको अवलोकन गरेका थिए । अवलोकनको क्रममा सहभागीहरुलाई उद्योगका टेक्सटाइल इन्जिनियर श्री प्रकाश झाले टेक्सटाइल उत्पादन सम्बन्धी विविध जानकारी गराइएको थियो । यस अवलोकन भ्रमणबाट सहभागीहरुलाई स्तरीय सुतीजन्य वस्तु विकास सम्बन्धी महात्वपूर्ण जानकारी प्राप्त भएको जनाइएको छ ।

## नेपाली हस्तकला भारत निकासी प्रक्रिया सम्बन्धी गोष्ठी (पृष्ठ १ को बाँकी अंश......)

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकलाको व्यवस्थित विकास तथा निकासी प्रबर्द्धनका लागि महासंघले निर्वाह गर्दै आएको भूमिका र कार्यहरुबारेमा प्रकाश पार्नुभयो । सो क्रममा नेपाल भारतबीच धेरै पहिलेदेखि आपसी व्यापार तथा वाणिज्य गतिविधिहरु संचालन हुँदै आएको चर्चा गर्दै विभिन्न समयमा आइपर्ने भारत निकासी समस्या फुकाउन तथा भारत निकासी सहजीकरणका लागि महासंघबाट पहल हुँदै आएको र वर्तमान परिप्रेक्ष्यमा भारत निकासीमा विद्यमान समसायिक समस्या पहिचान गरी सहज रुपमा नेपाली हस्तकलाका वस्तुको भारत निकासी प्रबर्द्धनमा टेवा पुऱ्याउन प्रस्तुत कार्यक्रमको आयोजना गरेको बताउनुभयो । यस क्रममा उहाँले कार्यक्रममा सक्रिय सहभागी भई भारत निकासी सहजीकरणका लागि उपयुक्त सुझाव दिन सहभागीहरुलाई आग्रह गर्नुभयो । यसैगरी कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै यस महासंघका कार्य समिति सदस्य एवं निर्यात समितिका सभापति श्री हरिबहादुर कार्कीले गोष्ठीको क्रममा भारत निकासी सम्बन्धी विद्यमान समस्या, समाधानका उपाय एवं अनुभव व्यक्त गर्न समेत सहभागीहरुलाई अनुरोध भयो ।




*विषयविज्ञबाट भारत निकासी प्रक्रिया सम्बन्धमा जानकारी प्रस्तुत गर्दै*

उक्त गोष्ठीमा विषयगत प्रस्तुती गर्दै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ प्राविधिक सल्लाहकार श्री प्रियदर्शन शर्माले नेपाली वस्तुहरु निकासीको क्रममा जारी हुने उत्पत्तिको प्रमाणपत्रको बारेमा विस्तृत जानकारी गराउनुभयो । सो क्रममा उहाँले नेपाल भारत व्यापार सन्धी अनुरुप प्रक्रियागत फर्म भरी निकासी गरेकोमा रियायती सुविधा पाउने चर्चा गर्दै नेपाली कच्चा पदार्थ प्रयोग गरी उत्पादित हस्तकलाको वस्तु भारत निकासी गर्दा कुनै समस्या नपर्ने बताउनु भयो । उहाँले उत्पत्तिको प्रमाणपत्र जारी गर्दा आवश्यक आवेदन र लागत फाराममबारेमा जानकारी गराउनु भयो । उक्त अवसरमा उद्योग विभागका निर्देशक श्री रमेश स्थापितले हस्तकला वस्तु भारत निकासीको क्रममा आवश्यक सामानमा प्रयोग भएको कच्चा पदार्थको प्रतिशत खुल्ने फाराम सम्बन्धी जानकारी गराउनु भयो । साथै उहाँले सन्धीमा उल्लेखित प्रक्रियालाई अनधिकृत रुपमा तलमाथि गर्न नमिल्ने बताउँदै निकासीको क्रममा विद्यमान समस्याहरु बुँदागत रुपमा संकलन गरी तिनको समाधानका लागि सम्बन्धित निकायमा पेश गर्नुपर्ने बताउनुभयो । तत्पश्चात कार्यक्रममा नेपाल चेम्बर अफ कमर्शका अधिकृत श्रीमती दीपा चित्रकारले हस्तकलाका वस्तुको हार्मोनाइज कोड सम्बन्धमा जानकारी प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले भारत निकासीको क्रममा व्यवसायीहरु आवश्यक प्रक्रिया र प्रावधान सम्बन्धमा सचेत एवं स्पष्ट हुनुपर्ने औल्याउँदै हस्तकला वस्तुहरुमा के के पर्दछन् स्पष्ट हुनुपर्ने बताउनु भयो । तत्पश्चात भएको खुल्ला छलफलको क्रममा सहभागीहरुले भारत निकासीको क्रममा भन्सार बिन्दुहरुमा अनावश्यक झमेला गरी दुःख दिने गरेको, भारतबाट सहज रुपमा भारतीय वस्तुहरु नेपालमा आउने गरेको र प्रक्रियागत स्पष्टताको अभावमा नेपाली वस्तुहरु भारत निकासी कठिन हुने गरेको प्रतिक्रिया व्यक्त गर्दै नेपाल उद्योग वाणिज्य महासंघ तथा सरकारका सम्बन्धित निकायहरुले समयमा प्रभावकारी पहल अघि बढाउनुपर्नेमा जोड दिइयो । यसमा नेपाल भारत चेम्बर अफ कमर्स, नेपाल भारत मैत्री संघबाट पनि सकारात्मक पहल हुनुपर्ने औल्याइयो ।

अन्तमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने श्रोतव्यक्तिहरु, सहभागीहरु तथा सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै यस महासंघका प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वाले सरकारले ठूलो उद्योगको समस्या मात्र सुन्ने र सानो उद्योगलाई वेवास्ता गर्न नहुने धारणा राख्दै भारत निकासीको क्रममा विद्यमान समसामयिक समस्या फुकाई निकासी सहजीकरणका लागि सशक्त पहल गर्नुपर्नेमा जोड दिनुभयो । गोष्ठीको क्रममा सहभागीहरुबाट व्यक्त समस्या समाधान गर्न सरकारको सम्बन्धित निकायमा पहल गर्नुका साथै भारतीय राजदूतावासका काउन्सिलरसंग आवश्यक भेटवार्ता गर्ने समेत उहाँले बताउनुभयो । उक्त कार्यक्रममा महासंघका पदाधिकारी, कार्य समिति सदस्यहरु तथा निकासीकर्ताहरु गरी करीब ३५ जनाको सहभागिता रहेको थियो ।

# संस्थागत सदस्य संघहरूको वस्तुस्थिति तथा स्थानीय हस्तकला प्रवर्द्धन अध्ययन अवलोकन भ्रमण

मुलुकका विभिन्न जिल्लामा हस्तकला उद्योग व्यवसायको वस्तुस्थिति अध्ययन स्थानीय हस्तकलाको पहिचान र स्थानीय उद्यमी व्यापारीहरुसँग उपत्यका बाहिरका जिल्लाहरुमा हस्तकला प्रवर्द्धनको लागि महासंघले खेल्न सक्ने भूमिका र यसका संस्थागत सदस्यमा भएका जिल्ला संघहरुको वस्तुस्थिति अध्ययन अवलोकन गर्न नेपाल हस्तकला महासंघको प्रथम उपाध्यक्ष एवं संस्थागत विकास समितिका सभापति श्री विकासरत्न धाख्वाको नेतृत्वमा महासंघका पूर्व अध्यक्ष, कार्य समिति सदस्य, निर्यातकर्ता, संस्थागत विकास समितिका सदस्य र कर्मचारी सम्मिलित ८ सदस्यीय टोलीद्वारा २०६५ आषाढ ७ देखि १० गतेसम्म बाग्लुङ्ग, म्याग्दी र तनहुँमा स्थानीय हस्तकला प्रवर्द्धनको लागि स्थलगत अध्ययन अवलोकन गरियो ।

उक्त अवसरमा भ्रमणटोलीद्वारा बाग्लुङ्ग उद्योग वाणिज्य संघ, म्याग्दी उद्योग वाणिज्य संघ र तनहुँ उद्योग वाणिज्य संघका पदाधिकारी, कार्यसमिति सदस्य एवं स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुको उपस्थितिमा अन्तरक्रिया गरी तहाँको स्थानीय हस्तकलाको वस्तुस्थितिबारे जानकारी हासिल गरिएको थियो । उक्त अवसरमा तहाँको स्थानीय




*भ्रमण टोली र स्थानीय हस्तकला उद्यमी व्यवसायीबीच अन्तरक्रिया हुँदै*

हस्तकलाको विकास तथा बजार प्रवर्द्धनको सम्बन्धमा अध्ययन भ्रमण टोली, उक्त संघका पदाधिकारी तथा स्थानीय सहभागी हस्तकला उद्यमी व्यवसायीहरुबीच छलफल तथा विचार विमर्स भएको थियो । यस क्रममा उद्योग वाणिज्य संघ तथा हस्तकला संघहरुले स्थानीय हस्तकलाको प्रवर्द्धनका लागि सक्दो पहल गर्दै आएको र गर्दै जाने बताउँदै आगामी दिनमा पनि महासंघ र स्थानीय संघहरुसंगको सहकार्यमा प्रभावकारी रुपमा समयसापेक्ष स्थानीय हस्तकला प्रवर्द्धन कार्यक्रम गर्दै जाने सहमती भएको छ ।

यस भ्रमणको क्रममा म्याग्दी जिल्लामा स्थानीय ह्स्तकलाको संगठित विकास एवं प्रवर्द्धन गर्दै जाने उद्देश्यले स्थानीय महिला हस्तकला उद्यमी श्री साधनाकुमारी श्रेष्ठको संयोजकत्वमा १० सदस्यीय म्याग्दी हस्तकला संघ तदर्थ समिति गठन गरियो । उक्त तदर्थ समितिको सदस्यहरुमा श्रीमती निर्मला श्रेष्ठ, श्री सगुन कसजू, श्री श्रीमाया पाइजा, श्री भरीमा छन्त्याल, श्रीमती चन्द्रकुमारी पाइजा, श्रीमती दिलकुमारी पुन, श्री आशा गर्बुजा, श्री शंकर सुवेदी र श्री खगराज शर्मा रहेका छन् ।

त्यसैगरी अध्ययन अवलोकनको क्रममा यस महासंघका द्वितीय उपाध्यक्ष श्री हेमरत्न शाक्यको नेतृत्वमा महासंघका कार्य समिति सदस्य, संस्थागत विकास समितिका सदस्य, निर्यातकर्ता र कर्मचारी सम्मिलित ७ सदस्यीय टोलीद्वारा २०६५ आषाढ १३ देखि १६ गतेसम्म धादिङ्ग, चितवन, पाल्पा र कास्की(पोखरा) मा स्थानीय हस्तकला प्रवर्द्धनको लागि स्थलगत अध्ययन अवलोकन गरियो ।

उक्त अवसरमा भ्रमण टोलीद्वारा रत्ननगर उद्योग वाणिज्य संघ, पाल्पा हस्तकला संघ, पोखरा उद्योग वाणिज्य संघ र धादिङ्ग हस्तकला संघका पदाधिकारी, कार्यसमिति सदस्य एवं स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुको उपस्थितिमा अन्तरक्रिया गरी तहाँको स्थानीय हस्तकलाको वस्तुस्थितिबारे जानकारी हासिल गरेका थिए । उक्त अवसरमा स्थानीय हस्तकलाको विकास तथा बजार प्रवर्द्धन के कसरी गर्न सकिन्छ भन्ने विषयमा भ्रमण टोली, उक्त संघका पदाधिकारी तथा स्थानीय सहभागी हस्तकला उद्यमी व्यवसायीहरुबीच छलफल तथा विचार विमर्स भएको थियो । यस क्रममा तहाँको सम्बन्धित उद्योग वाणिज्य संघ तथा हस्तकला संघहरुले स्थानीय हस्तकलाको प्रवर्द्धनका लागि छुट्टै हस्तकला समिति गठन गरी सक्दो पहल गर्दै आएको र गर्दै जाने बताउँदै आगामी दिनमा पनि महासंघ र स्थानीय संघहरुसंगको सहकार्यमा प्रभावकारी रुपमा समयसापेक्ष स्थानीय हस्तकला प्रवर्द्धन कार्यक्रम गर्दै जाने सहमति भयो ।

सोही अध्ययन अवलोकन कार्यक्रमलाई निरन्तरता दिंदै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको नेतृत्वमा महासंघका पूर्व अध्यक्ष, कार्य समिति सदस्य, संस्थागत विकास समितिका सदस्य, निर्यातकर्ता, र




*रत्ननगरमा भ्रमण टोली र स्थानीय उद्यमी व्यवसायीबीच अन्तरक्रिया हुँदै*

कर्मचारी सम्मिलित ७ सदस्यीय टोलीद्वारा २०६५ आषाढ २० देखि २५ गतेसम्म चितवन (नारायणगढ), मकवानपुर (हेटौंडा), झापा (दमक), सुनसरी (धरान), धनुषा (जनकपुर) र गोरखामा स्थलगत अध्ययन अवलोकन भ्रमण गरियो ।

उक्त अवसरमा भ्रमणटोलीद्वारा नारायणगढ उद्योग वाणिज्य संघ, मकवानपुर उद्योग वाणिज्य संघ, झापा हस्तकला उद्योग संघ, सुनसरी हस्तकला उद्योग संघ, धनुषा हस्तकला उद्योग संघ र गोरखा उद्योग वाणिज्य संघका पदाधिकारी, कार्यसमिति सदस्य एवं स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुको उपस्थितिमा अन्तरक्रिया गरी तहाँको स्थानीय हस्तकलाको वस्तुस्थितिबारे जानकारी हासिल गरिएको थियो । उक्त अवसरमा तहाँको स्थानीय हस्तकलाको विकास तथा बजार प्रवर्द्धन के कसरी गर्न सकिन्छ भन्ने विषयमा अध्ययन टोली, उक्त संघका पदाधिकारी तथा स्थानीय सहभागी हस्तकला उद्यमी व्यवसायीहरुबीच छलफल तथा विचार विमर्स भएको थियो । यस क्रममा तहाँको सम्बन्धित उद्योग वाणिज्य संघ तथा हस्तकला संघहरुले स्थानीय हस्तकलाको प्रवर्द्धनका लागि छुट्टै हस्तकला समिति गठन गरी सक्दो पहल गर्दै आएको र गर्दै जाने बताउँदै आगामी दिनमा पनि

महासंघ र स्थानीय संघहरुसंगको सहकार्यमा प्रभावकारी रुपमा समयसापेक्ष स्थानीय हस्तकला प्रवर्द्धन कार्यक्रम गर्दै जाने सहमति भएको छ ।

भ्रमणको क्रममा गोरखा जिल्लामा स्थानीय हस्तकलाको संगठित विकास एवं प्रबर्द्धन गर्दै जाने उद्देश्यले गोरखा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष श्री बसन्तराज श्रेष्ठको संयोजकत्वमा ८ सदस्यीय गोरखा हस्तकला संघ तदर्थ समिति गठन गरिएको छ । उक्त तदर्थ समितिको सल्लाहकारमा श्री शीतलकाजी मास्के र सदस्यहरुमा श्री तुल्सी देवकोटा, श्रीमती सुशीला श्रेष्ठ, सुश्री विनदेवी श्रेष्ठ, श्री नेत्रबहादुर श्रेष्ठ, श्री टेकबहादुर गुरुङ्ग र सुश्री सरीता अर्याल रहेका छन् ।

विभिन्न जिल्लाहरुको स्थलगत अवलोकन भ्रमणबाट महासंघ र स्थानीय हस्तकला एवं उद्योग वाणिज्य संघहरुबीच राम्रो सम्बन्ध विकासमा टेवा पुग्ने र स्थानीय हस्तकलाको वस्तुस्थिति सम्बन्धी जानकारी प्राप्त भई आपसी संजाल विकास गरी आउने दिनमा अधिराज्यभरी नै हस्तकलाको प्रबर्द्धनमा सहज सहयोग पुग्ने अपेक्षा गरिएको छ ।




*महासंघका अध्यक्षज्यू सुनसरीमा स्थानीय उद्यमी व्यवसायीहरूबीच भएको अन्तरक्रियामा भ्रमणको उद्देश्य र महासंघको बारे प्रकाश पार्नुहुँदै*

उक्त पहिलो चरण, दोस्रो चरण तथा तेस्रो चरणको अध्ययन अवलोकन भ्रमणका सहभागीहरुको नामावली देहाय बमोजिम रहेको छ ।

## हस्तकला वस्तुस्थिति अध्ययन अवलोकन भ्रमणका सहभागीहरू

| क.सं. | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण |
|---|---|---|---|
| | २०६५ आषाढ ७ देखि १० गतेसम्म | २०६५ आषाढ १३ देखि १६ गतेसम्म | २०६५ आषाढ २० देखि २५ गतेसम्म |
| भ्रमण स्थान | बाग्लुङ्ग, म्याग्दी, तनहुँ | रत्ननगर (चितवन), पाल्पा, पोखरा, धादिङ्ग | नारायणगढ, मकवानपुर, जनकपुर, सुनसरी, झापा, गोरखा |
| १ | श्री विकासरत्न धाख्वा, प्रथम उपाध्यक्ष | श्री हेमरत्न शाक्य, द्वितीय उपाध्यक्ष | श्री पुष्करमान शाक्य अध्यक्ष, ने.ह.महासंघ |
| २ | श्री इन्द्रबहादुर शाक्य, पूर्व अध्यक्ष | श्री सुरजमान बज्राचार्य, का.स.स., | श्री इन्द्रबहादुर शाक्य, पू.अध्यक्ष एवं निर्यातकता |
| ३ | श्री यज्ञमान शाक्य, का.स.स. | श्री सिद्धिरत्न शाक्य, का.स.स., | श्री अनिलकुमार शिल्पकार, का.स.स., |
| ४ | श्री शम्भुगोविन्द ताम्राकार, का.स.स. | श्री विवेन्द्रप्रसाद सिं, सं.वि.स.सदस्य | श्रीमती दिव्यतारा तुलाधर, का.स.स. |
| ५ | श्री पुष्पमान श्रेष्ठ, सं.बि.स.सदस्य | श्री रमेश लाल श्रेष्ठ, सं.वि.स.सदस्य | श्रीमती यसोदा वैद्य, का.स.स. |
| ६ | श्री दिपेन्द्र शाक्य, सं.बि.स.सदस्य | श्रीमती चिरञ्जिवी श्रेष्ठ, निर्यातकर्ता | श्री बेदराज ज्ञवाली, का.स.स. |
| ७ | श्री किरणकुमार डंगोल, निर्यातकर्ता | श्री देवराज बज्राचार्य, सहायक सचिव | श्री कृष्णसुन्दर हाडा, बरिष्ठ सहायक |
| ८ | श्री ऋषिराज सुवेदी, सहायक सचिव | | |

# संस्थागत सदस्य संघहरूको गतिविधि

## वाटर बेसिक स्क्रीन प्रिन्टिङ्ग सम्बन्धी प्रशिक्षण संचालन

हाते कागजजन्य वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुमा गुणस्तरीय हाते कागजका वस्तु उत्पादन गर्ने सक्षमता अभिबृद्धि गर्ने उद्देश्यले नेपाल हस्तकला महासंघ र नेपाल हाते कागज संघको संयुक्त आयोजनामा २०६५ आषाढ १५ देखि २० गतेसम्म ललितपुरस्थित हस्तकला डिजाइन तथा विकास केन्द्रमा वाटर बेसिक स्क्रीन प्रिन्टिङ्ग सम्बन्धी प्रशिक्षण संचालन गरियो । श्री जितनारायण महर्जन श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा हाते कागजजन्य वस्तु उत्पादनमा संलग्न १० जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । यस महासंघका महासचिव श्री धर्मराज शाक्य र नेपाल हाते कागज संघका अध्यक्ष डा. मिलनदेव भट्टराईले २०६५ आषाढ १५ गते ललितपुरमा एक कार्यक्रमबीच संयुक्त रुपमा उक्त प्रशिक्षणको शुभारम्भ गर्नु भएको थियो ।

## नेपाल काष्ठकला संघको दोस्रो वार्षिक साधारण सभा

नेपाल काष्ठकला संघको दोस्रो वार्षिक साधारण सभा २०६५ आषाढ १४ गते ललितपुरमा सम्पन्न भयो। काष्ठकला उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन, वस्तुको बजार विस्तार, गुणस्तरीयता अभिवृद्धिका लागि समयसापेक्ष क्षमता तथा सीप प्रबर्द्धन गर्दै जाने उद्देश्यले स्थापित यस संघको दोस्रो वार्षिक साधारण सभाबाट श्री दिपेन्द्रराज शिल्पकारको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ। यस संघको नयाँ कार्य समितिको उपाध्यक्ष, सचिव, कोषाध्यक्षमा क्रमश: श्री राजआनन्द शिल्पकार, श्री उपेन्द्र बाराही, श्री निलन शिल्पकार चुनिनु भएको छ। यसै गरी नयाँ कार्य समितिको सदस्यहरुमा श्री दुर्गालाल शिल्पकार, श्री बज्रबहादुर शिल्पकार, श्री जुजुकृष्ण शिल्पकार, श्री लक्ष्मणआनन्द शिल्पकार, श्री मदन शाक्य, श्री हेरारत्न ब्रम्हचार्य र श्री बाबुराजा अवाले चुनिनु भएको छ।

# हस्तकला सम्वन्धी पेशागत सीप प्रमाणिका तथा परीक्षण कार्य व्यवस्था

– श्री पुर्णकाजी शाक्य

नेपाली कला र कलाकारहरुबाट प्राचिन कालदेखि नै नेपाली परम्परागत कलाको आफ्नै शैली, बिशेषता र महत्व दर्शाउने कलाकृतिहरु श्रृजना गर्दै नेपाली कलाको बिशेष पहिचान विश्व सामु प्रस्तुत गर्दै आइरहेको पाइन्छ । यस सम्वन्धमा नेपाली इतिहासले स्पष्ट रुपमा प्रष्ट्याएको पाउँदछौं। पेशागत जाती जस्तै थःकमी, लुँकःमी, दकःमी, सिकःमी, लोँहकःमी आदि जातीहरु हालसम्म पनि पेशागत रुपमा कला श्रृजना गर्ने कार्यमा निरन्तर रुपमा लागि कलाकृति निर्माणलाई पेशाको रुपमा अवलम्वन गरी आएको पाउँदछौं। तर यी कलाकारहरुले अवलम्वन गरी आएको सीप, दक्षता तथा कलाकारिताको मानसम्मान, इज्जत र कदर पाउन नसकिरहेको आजको यथार्थता रहि आएको छ। अतः यी कलाकारहरु पुर्खौदेखि पेशागत रुपमा दक्ष, प्रशिक्षित सीपयुक्त र क्षमता भएको राष्ट्रको जनशक्ति भए तापनि संस्थागत एवं राष्ट्रिय मान्यता प्राप्त शैक्षिक तथा प्रशिक्षित केन्द्रबाट प्रमाणित प्रमाण पत्र नपाएकोले यी जनशक्तिहरुलाई आजकालको प्रतिस्पर्धात्मक समयमा देश निर्माण कार्यमा सहभागी भै योगदान दिन चाहँदा चाहँदै पनि योगदान दिन नसकिने स्थिति समेतको सामना गर्नु परेको छ । अर्को तर्फ सरकारी तथा गैर सरकारी संस्था र बिदेशी रोजगारी बजारमा मान्यता प्राप्त प्रमाण पत्रका आधारमा मात्र कुनै पनि पेशा वा रोजगारीको लागि योग्य ठानिने परम्परा तथा प्रवृति बिकास हुन थालेको छन् । यस प्रकारको अवस्था तथा प्रवृतिको श्रृजनाले हस्तकलाका नव पुस्ताका कलाकारहरुले जटिल परिस्थितिको सामना गर्नुपर्ने स्थिति आउँदै जाने प्रवल संभावना बढ्दै गइरहेको छ ।

अतः आगामी दिनमा हस्तकलाका नव कलाकार एवं बिद्यमान कलाकार हरुलाई सरकारी र अन्तराष्ट्रिय मान्यता प्राप्त निकायबाट शैक्षिक योग्यता नभएता पनि अनुभव, सीप, दक्षताका आधारमा परीक्षणमा सहभागी भई प्रमाणित गराई पाउन सकिने व्यवस्था गर्न नेपाल हस्तकला महासंघ र प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) को संयुक्त पहलमा सीप प्रमाणिका तयार गरी सीप परिक्षण कार्य संचालन गर्न सीप प्रमाणिका तह ३ को तिन बिधा (पौभा लेखन सीप तह ३, धातु मूर्तिकला ढलाई सीप तह ३ र माँज्या थोज्या (Repose) सीप तह (३ का सीप प्रमाणिकाहरु तयार गर्ने कार्य सम्पन्न भएको छ। अर्कोतर्फ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) बाट काष्ठकला सम्बन्धी सीप तह १ को प्रमाणिका तयार गरिएको छ। हालसम्म यस प्रकारले हस्तकला सम्बन्धी ४ प्रकारका सीप प्रमाणिका तयार भइसकेका छन् ।

नेपाल हस्तकला महासंघ र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) को संयुक्त आयोजनामा काष्ठकला सीप तह १ को परीक्षण कार्यक्रम संचालन गरी ११ जना काष्ठकलाका कलाकारहरुलाई तह १ को काष्ठकलाका कलाकार भनी प्रमाणित प्रमाण पत्र उपलब्ध गराई सकिएको छ । तयारी अवस्थामा रहेको पौभा लेखन सिप प्रमाणिका तह ३ को आधारमा सीप परीक्षण कार्यक्रमको संचालन निकट दिनमा (२०६५/श्रावण/२४ पश्चात) आयोजना हुने भएको छ ।

यस प्रकारको सीप प्रमाणिका तथा परीक्षणको व्यवस्थाबाट उतीर्ण तथा सफल भएका कलाकारहरुले स्वदेश एवं विदेशमा समेत मान्यता पाउन सक्नेछन् । यी सीप प्रमाणिका तथा परीक्षण कार्यक्रमले नेपाली परम्परागत सीपयुक्त जनशक्तिहरु प्रमाणित जनशक्ति भई सम्भाव्य अवसर पाउन सक्षम हुनेछन् र नेपाली परम्परागत कला जगतमा एक नौलो आयाम इतिहासको पानामा थपिदै जाने छ। उल्लेखित ४ बिधाका क्षेत्रहरुका अलावा हस्तकलाका अन्य विधाहरुमा पनि सीप प्रमाणिकाहरु तयार गरी परीक्षण कार्यक्रमहरुको व्यवस्था गर्दै जानुपर्ने देखिन्छ ।

# काकीसिबुबाट रंगाई गर्ने सम्बन्धी प्रशिक्षण संचालन

काकिसिबु उत्पादनमा संलग्न कृषक तथा अन्य उद्यमी व्यवसायीहरुलाई काकीसिबुबाट रंगाई गर्ने सीप तथा ज्ञान प्रदान गर्ने उद्देश्यले JICA को सहयोगमा २०६५ जेष्ठ १० गते किर्तिपुरस्थित केन्द्रिय बागवाणी केन्द्रमा काकीसिबुबाट रंगाई गर्ने प्रशिक्षण संचालन गरियो । विषय विज्ञ श्री हरि गोपाल च्याँसी श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा काकीसिबु उत्पादनमा संलग्न कृषक समूहका व्यक्तिहरु, पोखराका काकिसिबुबाट रंगाईएका वस्तु उत्पादनमा संलग्न महिला सीप विकास परियोजनाका (WSDPP) प्रतिनिधिहरु र नेपालमा रहँदै आएका काकीसिबुबाट रंगाईएका वस्तुहरुमा रुची राख्दै आउनु भएका जापानीजहरु गरी करीब १५ जनाको सहभागिता रहेको थियो। प्रशिक्षणमा सहभागीहलाई सुती, सिल्क कपडामा विभिन्न मोर्डनहरु जस्तैः निलोटूथो (कपर सल्फेट), हिराकसी (फेरो सल्फेट) र फिटकिरीको प्रयोग गरी रंगाउने सीप सिकाइएको थियो । यी बिभिन्न मोर्डनहरुको प्रयोग गर्दा कपडाहरु सुके पछि रंगमा फरक देखिनुका साथै छुँदा खेरि कपडा नरम र कडा हुन्छ । यस प्रशिक्षणको संयोजकमा केन्द्रिय बागवाणी केन्द्रका श्री पुष्पराज आचार्य र JICA स्वयमसेविका सुश्री महिमा (मेगुमी ईवाता) रहनु भएको थियो ।

उक्त प्रशिक्षणको अवलोकन गरि बिषयगत जानकारी लिने उद्देश्यले हस्तकला डिजाइन तथा विकास केन्द्र (HANDECEN) बाट राजिब शाक्य र JICA स्वयमसेविका अरुणाले (माकिको मियाजाकि) स्थलगत भ्रमण गरेका थिए ।



*प्रशिक्षणका श्रोतव्यक्ति काकिसिबुबाट रंगाउने अभ्यास गराउँदै*

# काकीसिबबाट सुती धागो/कपडा रंगाउने प्रक्रिया

(हलुवावेद) काकीसिवु रङ्ग रंगाउन आवश्यक सामाग्रीहरु :

- रङ्गाउन र पकाउनको लागि भाँडो - २ थान
- बाल्टिन - २ थान
- जग - २ थान
- स्टोप वा चूलोरु
- रंग छान्ने कपडा
- काकीसिवुको झोल रङ्ग
- सर्फ
- पानी
- पञ्जा आदि

कुनै पनि सुती धागो/कपडालाई रंगाउनुभन्दा पहिला उक्त धागो वा कपडामा भएको फोहरलाई स्कोरिङ्ग गरी फोहर हटाउनु पर्छ ।

**स्कोरिङ्ग गर्न आवश्यक सामाग्री :**

| | | |
|---|---|---|
| कपडाको तौलको | - | ३% सर्फ |
| कपडाको तौलको | - | २० गुणा पानी |

**स्कोरिङ्ग गर्ने तरिका :**

सर्फलाई पानीमा राम्रोसंग घुल्ने गरी पकाउने अनि कपडालाई राखी ४५ मिनेटसम्म उमाल्ने त्यसपछि सफा चिसो पानीले राम्रोसंग धुलाई गरी निचोरेर राख्ने ।

**रंगाउने रंग तयार गर्न र आवश्यक सामाग्री**

- कपडाको तौलको ६ गुणा काकीसिवुको झोल
- काकीसिवुको ३-५ गुणा पानी
- काकीसिवुको झोल पानीलाई संगै राखी ५०-६० डिग्री तापक्रममा ३०-४५ मिनेटसम्म पकाई रंगलाई राम्रोसंग छान्ने ।

**रंगाउने तरीका :**

- छानी सकेको रंग पानीले कपडा रंगाउन नपुग हुने भएकोले कपडाको तौलको २० गुणा हुने गरी पानी थप्ने र ५०-६० डिग्री तापक्रम हुने गरी पकाउने त्यसपछि स्कोरिङ्ग गरेको कपडालाई राम्रोसंग फिजाई रंगाउने । रंगाउदा समय समयमा चलाई चलाई ३०-४५ मिनेटसम्म रंगाउने अनि चिसो पारेर कपडालाई निचोड्ने र मोर्डन गर्ने ।
- मोर्डन गर्दा कम रंगबाट पनि गाढा रंगाई हुने ।
- रंगाइमा चमक आउने ।
- रंगाई कपडालाई पक्का बनाउने ।

**मोर्डन गर्न आवश्यक सामाग्रीहरु :**

- फटकिरी कपडाको तौलको २० %
- पानी कपडाको तौलको २० गुणा
- मोर्डनहरु : निलोटूथो (कपर सल्फेट), हिराकसी (फेरो सल्फेट), फिटकिरी, पोटासिएम डाइक्रोमेन्ट आदिबाट गर्न सकिन्छ ।

**मोर्डन गर्ने तरिका :**

फिटकिरीलाई उमालेर पग्लने गरी पानी राखेर पकाउने त्यसपछि रंगाउन पानी नपुगे चिसो पानी थप्ने अनि रंगाइ राखेको कपडालाई उक्त फिटकिरी पानीमा चलाई चलाई ३०-४५ मिनेटसम्म मोर्डन गरी निकाली चिसो पानीले राम्रोसंग धोएर सुकाउने ।

काकीसिवु रंगबाट सुती धागो/कपडा, सिल्क धागो/कपडा, नेपाली कागजलाई सजिलैसंग रंगाउन सकिन्छ ।

जानकारी

# चाँदी आपूर्ति र निर्यात व्यवस्था सम्बन्धमा ने.रा.बैंकको सूचना

चाँदीबाट बनेका गर(गहना वा हस्तकलाका वस्तुहरू निकासी गर्ने निकासीकर्ताहरूलाई चाँदी आपूर्ति गर्ने व्यवस्था निम्न अनुसार गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा(१२ ले दिएको अधिकार प्रयोग गरी मिति २०६३/१२/११ मा देहाय बमोजिम परिपत्र जारी गरिएको छ ।

(क) निर्यातकर्ता तथा स्थानिय विक्रेताहरूलाई चाँदी उपलब्ध गराउनको लागि नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले इजाजतपत्र प्राप्त "क" वर्गका संस्थाहरुमा चाँदी कोष (Silver Chest) को व्यवस्था गर्नेछ। उक्त चाँदी कोषमा रहेको चाँदीको मौज्दातबाट सम्बन्धित बैंकले निर्यातकर्ता तथा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त स्थानीय विक्रेताहरूलाई चाँदी विक्री गर्नेछ।

(ख) नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले चाँदीको विक्री मूल्य अमेरिकी डलरमा निर्धारण गर्नेछ। अन्तर्राष्ट्रिय बजारमा चाँदीको मूल्यमा २.५ (दुई दशमलव पाँच) प्रतिशतभन्दा वढी घटबढ भएमा सो अनुसार समायोजन गरी कायम गरिएको चाँदीको संशोधित विक्री मूल्यको जानकारी टक्सार महाशाखाले बैंकहरूलाई दिनेछ। सम्बन्धित बैंकहरूले चाँदी विक्री गर्दा टक्सार महाशाखाले निर्धारण गरेको मूल्यको आधारमा निर्यातकर्ता तथा स्थानीय विक्रेताहरूलाई चाँदी विक्री गर्नुपर्नेछ।

(ग) सम्बन्धित बैंकहरूले यसरी चाँदी कोषबाट विक्री गरेको चाँदीको भुक्तानी अमेरिकी डलरमा नै नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय मार्फत सोही दिन टक्सार महाशाखालाई गर्नुपर्नेछ।

(घ) सम्बन्धित बैंकहरूले निर्यातकर्ता तथा स्थानीय विक्रेताहरूलाई चाँदी कोषबाट विक्री गरे वापत विक्री गरेको चाँदीको मूल्यको ०.५० (शून्य दशमलव पाँच शून्य) प्रतिशत रकम नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंकहरूलाई उपलब्ध गराउनेछ।

(ङ) शुरुमा निकासीकर्ताहरूले खुल्ला बजारबाट चाँदी खरिद गरी निकासी गर्नुपर्नेछ ।

(च) यसरी निकासी गरी प्राप्त विदेशी मुद्राको आधारमा बैंकबाट नियमानुसार चाँदी खरिद गर्न सकिनेछ।

(छ) निकासीकर्ताहरूलाई उनीहरूले चाँदीका गर-गहना निकासी गरेको आधार मा पुनः चाँदी उपलब्ध गराउँदा प्राप्त विदेशी मुद्राको ६५ प्रतिशत वा निर्यात प्रज्ञापन पत्रानुसार निकासी गरेको खुद तौल (Net weight) मा जर्ति वापतको १० प्रतिशत थप गरी हुन आउने जम्मा तौल मध्ये जुन कम हुन आउँदछ सोही वरावरको चाँदी नेपाल राष्ट्र बैंकले तोकेको दरमा उपलब्ध गराउनुपर्नेछ।

(ज) यसरी चाँदी उपलब्ध गराउँदा निम्न कागजातहरू संलग्न हुनुपर्नेछ :

१. विदेशी मुद्रा प्राप्त भएको प्रमाणित कागजात,
२. निर्यात प्रज्ञापनपत्र,
३. नेपाल हस्तकला उद्योग संघको सिफारीश सहितको इन्भ्वाइस,
४. Airway bill को प्रतिलिपि ।

(झ) चाँदी उपलव्ध गराउँदा सम्बन्धित निर्यात प्रज्ञापनपत्र, कमर्सियल इन्भ्वाइस (Commercial Invoice) र विदेशी मुद्रा भुक्तानी प्रमाणपत्रको सक्कल प्रतिमा चाँदी उपलव्ध गराई सकेको व्यहोरा बैंकले प्रमाणित (Endorsement) गरी सम्बन्धित बैंकको छाप लगाउनु पर्नेछ ।

(ञ) निकासीकर्ता अथवा इजाजतप्राप्त स्थानीय विक्रेताहरूले परिवर्त्य विदेशी मुद्रा बैंक दाखिला वा एजेन्सी जम्मा भएको मितिले ६ महिनाको अवधि भित्र बैंकबाट चाँदी खरिद गरिसक्नु पर्नेछ ।

## उत्पादकत्व तथा गुणस्तर अभिबृद्धि सहकार्य सम्बन्धी भेटवार्ता

हस्तकलाको उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि सहकार्य सम्बन्धी छलफल गर्ने उद्देश्यले यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्य र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. का महाप्रवन्धक श्री युद्धबहादुर पन्तबीच २०६५ आषाढ ३१ गते उक्त केन्दमा भेटवार्ता सम्पन्न भयो । उक्त अवसरमा महासंघका द्वितीय उपाध्यक्ष श्री हेमरत्न शाक्य, सहायक सचिव श्री ऋषिराज सुवेदी र उक्त केन्द्रका वरिष्ठ अधिकृतहरुको समेत सहभागिता रहेको थियो ।

उक्त अवसरमा दुबै संस्थाबीच आपसी हित प्रबर्द्धनका साथै उत्पादकत्व अभिवृद्धि, प्रविधि हस्तान्तरण, अध्ययन अवलोकन, गुणस्तर सुधार, उत्पादन लागत कम गर्ने, लगायतका विषयबस्तुमा छलफल भई आउने दिनमा दुवै संस्थाका वरिष्ठ अधिकृत सम्मिलित एक कार्यदल गठन गरी सो कार्यदलले तयार गर्ने सुझाव अनुसार सहकार्यको लागि आवश्यक समझदारी पत्रमा हस्ताक्षर गरी अगाडि बढ्ने सहमति भएको छ ।

## सीप परीक्षण कार्यक्रम संचालन सम्बन्धी महासंघको सूचना

नेपाल हस्तकला महासंघ र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद (CTEVT), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) को संयुक्त तत्वावधानमा देहाय बमोजिम पौभा लेखन सीप प्रमाणिका तह ३ को आधारमा पौभा सीप तह ३ को परीक्षण कार्यक्रम आयोजना गरिने भएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

सीप परीक्षण मिति : २०६५ श्रावण २४ देखि २९ गतेसम्म
अवधि : ६ दिन
समय : बिहान ११.०० देखि साँझ ५.०० बजेसम्म
स्थान : हस्तकला डिजाइन तथा विकास केन्द्र, मचागाल, पुल्चोक, ललितपुर
आवेदन दिने अन्तिम मिति : २०६५ श्रावण १५ गतेसम्म कार्यालय समयभित्र
सहभागी शुल्क : रु ३,५००/

**उद्देश्य :**

- पौभा चित्रकला कार्यमा संलग्न रहिआएका कलाकारहरुलाई संगठित एवं सरकारी निकायबाट दक्ष पौभा लेखक भनी प्रमाणित गराई पाउने अवसर प्रदान गर्नु ।
- सरकारी निकायबाट पौभा चित्रकलाका कलाकार भनी गौरवान्वित हुन पाउने अवसर पौभाका कलाकारहरुलाई प्रदान गर्नु ।
- प्रमाणित पौभा लेखकबाट तयार गरिएको पौभा भनी उत्पादित पौभामा उल्लेख गर्न सकिने स्थिति श्रृजना गर्नु ।

**न्यूनतम योग्यता :**

साधारण लेखपढ गर्न सक्ने तथा सम्वन्धित पेशाको ज्ञान र सीप भई सो पेशामा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको ।

अथवा, सम्वन्धित बिषयमा कम्तिमा ५ वर्ष तालीम लिई २ वर्ष सम्वन्धित पेशामा कार्य अनुभव भएको ।

**पेश गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी १ थान
- पासपोर्ट साइजको फोटो ४ थान र अटोसाइजको १ थान
- न्यूनतम योग्यता खुलेको कागजातको प्रमाणित प्रतिलिपि १ थान

**प्रमाण-पत्र**

उल्लेखित सीप परीक्षणमा उत्तीर्ण भएका सहभागीहरुलाई राष्ट्रिय सीप परीक्षण समिति (NSTB/CTEVT) बाट सीप प्रमाणपत्र र सीप परिचय पत्र प्रदान गरिने छ । यसका लागि माथि उल्लेखित सहभागी शुल्कमा थप अतिरिक्त शुल्क १५०।- तिर्नु पर्नेछ ।

अत: इच्छुक पौभा लेखन कार्यमा कार्यरत कलाकार तथा उत्पादकहरुबाट उल्लेखित मिति तथा समयभित्र केन्द्रमा उपलब्ध दरखास्त फाराम भरी आवश्यक कागजात सहित आवेदन गर्न हुन सूचित गरिन्छ। उक्त सीप परीक्षणका लागि सहभागी आफैले आवश्यक औजार, कच्चा पदार्थ (क्यानभास, रङ्ग, ब्रस आदि) व्यवस्था गर्नु पर्दछ। सीप परीक्षण सम्बन्धी थप जानकारीको लागि :

**हस्तकला डिजाइन तथा विकास केन्द्र**

फोन.: ५५२२८१५/५५२४०६८ मा सम्पर्क राख्न सक्नु हुनेछ।

### महासंघको प्रकाशनहरु

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |

(All price include mailing charges)

To

प्रकाशक:

**नेपाल हस्तकला महासंघ**

पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७-१-४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**

देबराज बज्राचार्य, ऋषिराज सुवेदी